# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मिति: २०७४/०४/०१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

कर फछ्र्यौट आयोग, २०७१ बाट कर फछ्र्यौटका लागि सम्झौता भएका विभिन्न करदाताहरुसँग कर फछ्र्यौट आयोग ऐन, २०३३ समेतका कानूनमा उल्लिखित प्रावधान विपरित कर फछ्र्यौट सम्झौता गरी राज्यलाई ठूलो आर्थिक हानी नोक्सानी पुर्‍याएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल सरकारको निर्णय अनुसार गठित कर फछ्र्यौट आयोग, २०७१ का अध्यक्ष लुम्बध्वज महत, सदस्यद्वय उमेश प्रसाद ढकाल र चुडामणी शर्मा (तत्कालिन महानिर्देशक, आन्तरिक राजश्व विभाग)ले आपसी मिलेमतोमा कर फछ्र्यौट आयोग, २०७१ को क्षेत्राधिकार नाघी, छली भएको कर समेत मिनाहा गरेको, पूर्व कर फछ्र्यौट आयोगले निर्धारण गरी असुल गरेको कर समेत फिर्ता दिने गरी सम्झौता गरेको, कर निर्धारण पश्चात चित्त बुझाई बसेको करदाताको कर बक्यौता मिनाहा गरेको, अन्य व्यक्तिलाई भूक्तानी गर्दा निजहरूबाट कटाएको वा कटाउनुपर्ने अग्रिम कर समेत मिनाहा गरेको, माग नै नगरेको रकम मिनाहा गरेको, नक्कली मूल्य अभिवृद्धि कर बीजक भएका व्यावसायिक फर्म तथा कम्पनीको कर मिनाहा गरेको, अदालतमा विचाराधिन मुद्दा फिर्ता नलिएका करदाताको बक्यौता मिनाहा गरेको, करदाताले स्वयं घोषणा गरेको मूल्य अभिबृद्धि कर नै मिनाहा गरेको र आयोगको कार्यावधि समाप्त हुने अन्तिम मितिमा सम्झौता गरी करदाताहरुलाई बदनियतपूर्वक रू.१०,०२,१९,०१,८४२।- (अक्षरुपी दश अर्ब दुई करोड उन्नाईस लाख एक हजार आठ सय बयालीस रुपैयाँ) कर छुट तथा मिनाहा दिई कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १७ बमोजिम असल नियतले आफ्नो कार्य सम्पादन नगरी आफूहरुलाई गैरकानूनी लाभ पुर्‍याउने र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुर्‍याउने बदनियतले काम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र दफा ७ को देहाय (क) मा परिभाषित कसूर गरेको पुष्टी हुन आएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले उल्लेख गरे बमोजिम दफा ३ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (झ) र दफा ७ बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी